काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
४९औं नगर कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

बैठक संख्या ४९ मितिः २०८३।२।३

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १. | शिक्षा विभाग | काठमाडौं महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८३ स्वीकृत गर्ने | काठमाडौं महानगरपालिका छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३ संशोधन सहित स्वीकृत गर्ने । |
| २. | शिक्षा विभाग | काठमाडौं महानगरपालिका प्रथम उपमेयर कप खो-खो प्रतियोगिता सम्बन्धमा । | काठमाडौं महानगरपालिका खो-खो संघसँगको सहकार्यमा काठमाडौं महानगरपालिका विद्यालयस्तरीय प्रथम उपमेयर कप खोखो प्रतियोगिता सञ्चालन गर्न बजेट रु. ३०,००,०००।- (तीस लाख रुपैयाँ मात्र) स्वीकृति भएकोमा प्रथम उपमेयर कप खोखो प्रतियोगिता सञ्चालन गर्न विकास सहायता कार्यविधि २०७९ बमोजिम काठमाडौं महानगरपालिका खोखो संघलाई बढीमा ३० लाख रुपैयां कार्यक्रम सहायता उपलब्ध गराउने । |
| ३. | वातावरण व्यवस्थापन विभाग | कामपा ३ महाराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा आवासीय भवन निर्माण आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने | वडा नम्वर ३ महाराजगञ्ज स्थित नेपाल प्रहरी अस्पतालमा आवासीय भवन निर्माण सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति गर्ने । |
| ४. | खरिद एकाई | खरिद प्रक्रियामा संलग्न बाह्य विज्ञलाई उपलब्ध गराउने बैठक भत्ता | काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद प्रक्रिया अन्तर्गत Specification तयार गर्ने, राय सुझाव दिने तथा परीक्षण गर्ने कार्यमा सहभागी हुने प्रत्येक बाह्य विज्ञलाई बैठक भत्ता प्रति बैठक रू. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ मात्र), परिवहन सुविधा प्रति बैठक रू. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) गरी प्रति बैठक रू. ४,०००/- (अक्षरेपी चार हजार रुपैयाँ मात्र) भत्ता उपलब्ध गराउने । |
| ५. | सम्पदा तथा पर्यटन विभाग | कामपा ६ वडास्थित महायान प्रकाश पलयुल धर्मालयको गुम्बा भवनमा थप निर्माण कार्यमा नपुग रकम रकमान्तरण गर्ने | महायान प्रकाश पलयुल धर्मालय भवन निर्माणको अन्तिम किस्ता भुक्तानीको लागि नपुग रकम रु. १४,५१,०८४/४९ (अक्षरेपी चौध लाख एकाउन्न हजार चौरासी रुपैयाँ उनान्चास पैसा मात्र) काठमाडौं महानगरपालिकाको आ.व. ०८२/०८३ को स्वीकृत संशोधित बजेट तथा कार्यक्रम क्र.सं. ९२ मा उल्लेखित “विभिन्न स्थानमा मूर्त सम्पदा आकस्मिक निर्माण कार्य” शीर्षकबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम रकमान्तर गर्ने। |
| ६. | सामाजिक विकास विभाग | खेलकुद सम्बन्धी कार्यक्रम सहायता उपलब्ध गराउने | |
| | | काठमाडौं महानगरपालिकाको चालु आर्थिक वर्ष ०८२।८३ को बजेट तथा कार्यक्रममा सामाजिक विकास विभाग अन्तर्गतको तपसिल बमोजिमको शीर्षकबाट निम्नानुसारको खेलकुद संघसंस्थालाई खेलकुद कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सहयोग उपलब्ध गराउनेः<br>तपसिलः | |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | | क) क्र.स. ५९७ टेबल टेनिस चेस साइक्लिङ स्नुकर लगायत अन्य खेलकुद आयोजना तथा प्रवर्द्धन कार्यक्रम शीर्षकमा विनियोजित ५० लाख रुपैयाँ मध्येबाट नेपाल पौडी संघलाई काठमाडौं महानगरपालिका मेयरकप पौडी प्रतियोगिता सञ्चालन गर्न १० लाख रुपैया कार्यक्रम सहयोग उपलब्ध गराउने ।<br>ख) क्र.स. ५९१ महानगरस्तरीय महिला तथा पुरुष ब्याडमिन्टन ओपन प्रतियोगिता शीर्षकमा विनियोजित ३० लाख रुपैयाँ बजेट काठमाडौं जिल्ला ब्याडमिन्टन संघलाई काठमाडौं महानगर कप वडास्तरीय ब्याडमिन्टन प्रतियोगिता २०८३ आयोजना गर्न कार्यक्रम सहयोग उपलब्ध गराउने ।<br>ग) क्र.स. ६०५ पि एल सिंह कप क्रिकेट प्रतियोगिता शीर्षकमा विनियोजित ७५ लाख रुपैयाँ बजेट बागमती प्रदेश क्रिकेट संघलाई ट २० पिएल सिंह कप क्रिकेट आयोजना गर्न कार्यक्रम सहयोग उपलब्ध गराउने । | |
| ७. | प्रशासन विभाग | कामपा ३२ मा रहेको प्लानिङ ब्वाइज युनाइटेडलाई राष्ट्रिय लिग फुटबल प्रतियोगिता खेल्न प्रशिक्षणका लागि कार्यक्रम सहायता उपलब्ध गराउने | कामपा ३२ वडा अन्तर्गत चालु आर्थिक वर्ष २०८२।८३ को स्वीकृति बजेट तथा कार्यक्रममा समावेश भएको कामपा ३२ प्लानिङ ब्याईज यूनाइटेडलाई राष्ट्रिय लिग फुटबल खेल्न प्रशिक्षण कार्यक्रम सहायता (ए डिभिजन) शिर्षकमा विनियोजित बजेट रकमबाट काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ बमोजिम प्लानिङ ब्वाइज युनाइटेडलाई १५ लाख रुपैया कार्यक्रम सहायता उपलब्ध गराउने । |
| ८. | राजश्व विभाग | सम्पति कर छुट | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८२ तथा काठमाडौं महानगरपालिका राजश्व छुट, मिनाहा सम्बन्धी मापदण्ड, २०७८ बमोजिम सार्वजनिक सेवा, सामाजिक कार्य तथा धार्मिक प्रयोजनका लागि प्रयोग भएका घरजग्गामा सम्पति कर छुट वा आंशिक छुट प्रदान गर्न सकिने कानुन व्यवस्था रहेको सन्दर्भमा देहाय बमोजिम निर्णय गरियो:<br>१. उपयुक्त छुट प्रदान गरिएका सम्पतिहरु व्यवसायिक प्रयोजनमा प्रयोग भएको, सार्वजनिक/सामाजिक वा धार्मिक प्रयोजनबाट फरक प्रयोजनमा उपयोग भएको वा पेश गरिएका विवरण तथा प्रमाणहरु वास्तविक नरहेको पाइएमा प्रचलित कानुन बमोजिम छुट स्वत: निष्क्रिय हुने, छुटबाट लाभ लिएको कर, शुल्क तथा आवश्यक दायित्व असुल उपर गर्ने र आवश्यक कानुनी कारवाही अघि बढाउने ।<br>२. राजश्व विभागले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी निर्वाचित जन प्रतिनिधिको रोहवरमा मुचुल्का गरी प्रत्येक आर्थिक वर्षमा सम्बन्धित संस्थाहरुको घरजग्गाको वास्तविक उपयोगको अवस्था, सालबसाली लेखापरीक्षण प्रतिवेदन तथा आवश्यक प्रमाणहरुको परीक्षण गरी सो संलग्न राखी मात्र प्रक्रिया अबलम्बन गर्ने ।<br>३. यस निर्णयको कार्यान्वयन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४; काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८२; काठमाडौं महानगरपालिका राजश्व छुट, मिनाहा सम्बन्धी मापदण्ड, २०७८ तथा अन्य प्रचलित कानुनको पूर्ण पालना गर्न राजश्व विभागलाई निर्देशन दिने । |
| ९. | सार्वजनिक निर्माण विभाग | कामपा १७ स्थित कन्या मन्दिर माध्यमिक विद्यालयको महिला होस्टल भवन निर्माण गर्ने | लागत अनुमान सहित बोलपत्र सम्बन्धी कागजात तयार गरी अर्को बैठकमा पेश गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १०. | प्रशासन विभाग | महानगर प्रहरी कर्मचारीको लागि पदपूर्ति समिति गठन गर्ने | नगर प्रहरी पदपूर्ति समितिको अध्यक्ष नियुक्ती गर्न प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने |
| ११. | प्रशासन विभाग | स्वास्थ्यकर्मी कर्मचारीहरुको अध्ययन विदा स्वीकृत गर्ने | |

काठमाडौं महानगरपालिकाको स्वास्थ्य विभाग अन्तर्गत कार्यरत तपसिल बमोजिमका ३ (तीन) जना कर्मचारीहरूलाई बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ को उपदफा १,२,३,४ बमोजिम अध्ययन पश्चात तोकिएको अवधि अनिवार्य सेवा गर्ने शर्त सहितको कबुलियतनामा गराई सरकारी कोटामा अध्ययन गर्न देहाय बमोजिम अध्ययन विदा स्वीकृत गर्ने ।

| सिनं | कर्मचारीको | | कार्यरत पद र तह | स्वीकृत अध्ययनको | | स्वीकृत अध्ययन अवधी | |
|---|---|---|---|---|---|---|---|
| | नाम, थर | संकेत नं. | | विषय | निकाय | देखि | सम्म |
| १ | डा. दिवश न्यौपाने | 3-27-3974-04478 | मेडिकल अधिकृत, अधिकृत स्तर आठौं | MS-General Surgery | राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (NAMS) | २०८३।१।१० | २०८६।१।१० |
| २ | धनेन्द्र श्रेष्ठ | 217499 | जनस्वास्थ्य निरीक्षक, अधिकृत, अधिकृत स्तर छैठौं | MPH (Health Promotion and Education | पोखरा विश्वविद्यालय स्कुल अफ हेल्थ एण्ड साइन्स | २०८३।१।१० | २०८५।१।१० |
| ३ | प्रकाश परियार | 207457 | | | | | |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १२. | प्रशासन विभाग | नगर प्रहरी वरिष्ठ उपरीक्षक पदमा कायम मुकायम मुकरर गर्ने | काठमाडौं महानगरपालिकाको महानगर प्रहरी बल प्रमुख, नगर प्रहरी बरिष्ठ उपरीक्षक पद रित्त रहेको र सुशासन समितिको मिति २०८३/०२/०१ गतेको सिफारिस अनुसार पहिलो योग्यताक्रममा रहेका नगर प्रहरी उपरीक्षक श्री विष्णु प्रसाद जोशीलाई महानगर प्रहरी ऐन २०८० (संशोधत सहित) को दफा ४४ को उपदफा (४) बमोजिम काठमाडौं महानगरपालिकाको नगर प्रहरी बरिष्ठ उपरीक्षक पदमा कायम मुकायम मुकरर गर्ने । |
| १३. | प्रशासन विभाग | वडा नं. १६ का वडा अध्यक्ष श्री रोजिना श्रेष्ठलाई उपचार सहायता उपलब्ध गराउने | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १४ र १५ अनुसार काठमाडौं महानगरपालिका वडा नम्वर १६ का वडा अध्यक्ष श्री रोजिना श्रेष्ठलाई औषधोपचार गर्दा भएको विलअनुसारको खर्च रकम रु.६,४३,८३२।४२ (छ लाख त्रिचालिस हजार आठ सय बत्तीस र पैसा बयालिस) उपचार सहायता उपलब्ध गराउने । |
| १४. | प्रशासन विभाग | कार्यालय सहयोगी श्री उषा ढकाललाई औषधी उपचारको लागि थप आर्थिक सहायता उपलब्ध गराउने | काठमाडौं महानगरपालिका वडा नं. ८ स्थित रामघाट प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कार्यालय सहयोगी श्री उषा ढकाललाई ढाडको ट्युमर सम्बन्धी रोगको उपचार गर्दा खर्च भएको रु. ३,७६,४२०.०० (तीन लाख छयहत्तर हजार चार सय बीस रुपैयाँ मात्र) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७७ बमोजिम थप आर्थिक सहायता उपलब्ध गराउने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १५. | प्रशासन विभाग | कामपा ३० वडा कार्यालयको भवन निर्माणको लागि जग्गा प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३० अन्तर्गत डिल्लीबजार पिपलबोटस्थित साविक का.म.पा. वडा नं.३३, सिट नं. १०२-११०६-०६ कि.नं. ५०३ क्षेत्रफल ०-११-०-१ को सरकारी जग्गा काठमाडौं महानगरपालिका वडा नं. ३० को कार्यालय सञ्चालन प्रयोजनार्थ भवन निर्माण गर्नको लागि जग्गा प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने । सो सम्बन्धी आवश्यक कागजात तयारी, समन्वय, पत्राचार तथा कानुनी एवम् प्रशासनिक प्रक्रिया अगाडि बढाउन सम्बन्धित वडा कार्यालयलाई अख्तियारी दिने । |
| १६. | प्रशासन विभाग | अधिकृतस्तर छैठौं पदमा कार्यरत श्री मछे प्रसाद दुलाललाई औषधी उपचारको लागि थप आर्थिक सहायता उपलब्ध गराउने | काठमाडौं महानगरपालिकामा अधिकृतस्तर छैठौं तहमा कार्यरत श्री मछे प्रसाद दुलाललाई आन्द्रा सम्बन्धी कडा रोगको उपचार गर्दा खर्च भएको बिलबमोजिम स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७७ बमोजिम रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) थप आर्थिक सहायता उपलब्ध गराउने । |
| १७. | प्रशासन विभाग | शहरी योजना आयोगको उपाध्यक्षको नियुक्ती | काठमाडौं महानगरपालिका सहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधि,) ऐन, २०७५ को दफा ३ को उपदफा २(घ) बमोजिम काठमाडौं महानगरपालिका सहरी योजना आयोगको रिक्त उपाध्यक्ष पदमा डा. सुमन नरसिंह राजभण्डारीलाई नियुक्त गर्ने । |
| १८. | प्रशासन विभाग | प्रहरी वृत्त जनसेवा भवन पुन:निर्माण कार्यमा ज्याला वापतको रकम सहयोग उपलब्ध गराउने | २४ नं. वडा कार्यालयको चालु आर्थिक वर्षको लागि स्वीकृति बजेटमा विनियोजित रकमबाट प्रहरी वृत्त जनसेवाको भवन पुनर्निर्माण कार्यको लागि ज्याला वापत बढीमा १० लाख रुपैयाँसम्म सहयोग उपलब्ध गराउन सैद्धान्तिक सहमति दिने । |
| | **विविध** | | |
| (क) | प्रशासन विभाग | आर्किटेक्ट इन्जिनियर (अधिकृतस्तर छैठौं) श्री गौरव श्रेष्ठको करार म्याद थप गर्ने | मिति २०७२/०८/१८ गते नियुक्त भई हाल हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा समेत कार्यरत रहेका अधिकृत छैठौं तह (आर्किटेक्ट इन्जिनियर) श्री भैरव श्रेष्ठको करार म्याद थप छुट हुन गएकाले सुशासन समितिको मिति २०८३/०१/३० गतेको सिफारिस अनुसार करार म्याद सकिएको मितिदेखि लागु हुने गरी २०८३ आषाढ मसान्त सम्मका लागि करार म्याद थप गर्ने । |
| (ख) | प्रशासन विभाग | कामपा ६ वडा स्थित सार्वजनिक हितको लागि प्राप्त भएको जग्गा प्राप्ती स्वीकार गर्न वडा अध्यक्षलाई अख्तियारी दिने | सार्वजनिक हित प्रयोजनको लागि वडा कार्यालयको नाममा निजी जग्गा प्राप्त गर्ने आवश्यक प्रक्रिया अगाडी बढाउन कामपा ६ वडा कार्यालयलाई सहमति प्रदान गर्ने । |
| (ग) | सूचना प्रविधि विभाग | CCTV जडान गर्ने | काठमाडौं महानगरपालिका नगर कार्यपालिका कार्यालय रहेको काठमाडौं प्लाजा भवनभित्र व्यक्तिगत कार्यकक्ष बाहेकका सम्पूर्ण सार्वजनिक तथा प्रशासनिक स्थानहरूमा स्वीकृत बोलपत्र बमोजिम CCTV Camera जडान गर्ने, सम्पूर्ण CCTV को मुख्य Surveillance System सूचना प्रविधि विभाग अन्तर्गत राख्ने र काठमाडौं प्लाजामा जडान पश्चात मौज्दात रहने CCTV Camera हरु काठमाडौं महानगरपालिका अन्तर्गतका अन्य आवश्यक कार्यालय तथा सार्वजनिक स्थानहरूमा जडान गर्न स्वीकृति प्रदान गर्ने । |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| (घ) | प्रशासन विभाग | २३ नं. वडाका वडा सदस्य श्री गोपाल नापित र ८ नं. वडाका वडा सदस्य श्री सलोनी पराजुली ओडारीलाई उपचार सहायता उपलब्ध गराउने | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १४ र १५ अनुसार काठमाडौं वडा नम्वर २३ का वडा सदस्य गोपाल नापितलाई औषधोपचार गर्दा भएको विलअनुसारको खर्च रकम रु.६५,१४१।२९ (पैसठ्ठी हजार एक सय एकचालिस रुपैया र पैसा उनान्तिस) र वडा नम्वर ८ का वडा सदस्य सलोनी पराजुली ओडारीलाई औषधोपचार गर्दा भएको विलअनुसारको खर्च रकम रु.६९,८८८।- (उनान्सत्तरी हजार आठ सय अठासी रुपैया) उपचार सहायता उपलब्ध गराउने । |
| (ङ) | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | फ्रान्समा आयोजना हुने 79th Cannes Film Festival मा सहभागिताको लागि कार्यवाहक प्रमुख श्री सुनिता डंगोललाई गरिएको मनोनयन सम्बन्धी निर्णय अनुमोदन गर्ने | May 12-23, 2026 मा France को Cannes मा Cannes City ले आयोजना गरेको "79th Cannes Film Festival" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोललाई सिफारिस मनोनयन गर्ने मिति २०८३/०१/३१ को निर्णय अनुमोदन गर्ने । |